नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५।२।२६

# प्रेस विज्ञप्ति

हालैका दिनमा चावहील-बौद्ध-जोरपाटी, कलंकी-थानकोट लगायतका सडकको अवस्था र सार्वजनिक यातायातको क्षेत्रमा केही समय अघिसम्म कायम रहेको सिण्डीकेटको पूर्ण रुपमा अन्त्य गर्ने विषयलाई लिएर विभिन्न संचारमाध्यमहरुमा आएका समाचारहरुको सम्बन्धमा ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, उक्त मन्त्रालयका सचिव लगायतका पदाधिकारीहरुसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको विस्तृत छलफल भएको छ ।

छलफलमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालको यातायात क्षेत्रमा सिण्डीकेटको अन्त्य भैसकेको व्यहोरा स्मरण गराउँदै सार्वजनिक यातायातलाई कम्पनीमा रुपान्तरण गर्ने लगायतका आवश्यक कार्यहरु तत्काले सम्पन्न गर्न निर्देशन दिनुभयो । सार्वजनिक यातायातको क्षेत्रमा सिण्डीकेटको सदाका लागि अन्त्य गर्न दीर्घकालीन रुपमा सम्पन्न गर्ने कार्यको उपयुक्त कार्ययोजना सहित अगाडी बढ्न समेत वहाँले निर्देशन दिनुभयो । सो क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सार्वजनिक यातायातलाई भरपर्दो, सेवाग्राहीमैत्री एवम् प्रविधिमैत्री बनाउँदै ज्येष्ठ नागरिक, महिला, अपाङ्ग लगायतलाई प्रदान गरिने आरक्षण सीट सुविधाको उपभोगलाई सहज बनाउन निर्देशन भएको छ।

काठमाण्डौ महानगरको सडक अवस्थाका विषयमा सरोकार व्यक्त गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले विशेषगरी कलंकी-थानकोट एवम् चावहील-बौद्ध-जोरपाटी सडकलाई तत्काल सुधार गर्न र उपत्यकाभित्रका सडकका खाल्डाखुल्डी यथाशीघ्र पुर्न निर्देशन दिनुभयो । साथै देशभरका सबै सडक, ढल तथा अन्य पूर्वाधार निर्माण गर्दा आधुनिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउन समेत सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशन भयो ।

छलफलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूले सिण्डीकेट पूर्ण रुपमा अन्त्य भएको, कुनै पनि रुपमा यसको पुनरागमन नहुने र सार्वजनिक यातायातलाई व्यवस्थित कम्पनीमा रुपान्तरण गर्ने लगायतका तत्कालीन एवम् दीर्घकालीन व्यवस्थापन सम्बन्धी कार्यहरु यथाशीघ्र सम्पन्न गर्न लागिएको अवगत गराउनु भयो । वहाँले यस सन्दर्भमा गठित कार्यदलबाट एक साताभित्र प्रतिवेदन प्राप्त भैसक्ने र सो प्रतिवेदनका सुझावका आधारमा आवश्यक कार्य अगाडी बढ्ने जानकारी गराउनु भयो ।माननीय मन्त्रीज्यूले सडक वत्ती, चावहील-बौद्ध-जोरपाटी सडक र कलंकी-थानकोट सडक एवम् उपत्यकाका सडकका खाल्डाखुल्डीको व्यवस्थापनका सम्बन्धमा आगामी ५० दिनभित्र महसुस हुनेगरी सुधार गरिने कार्ययोजना रहेको बताउनुभयो ।वहाँले देशभरका सबै सडक, ढल तथा अन्य पूर्वाधार निर्माण गर्दा आधुनिक, प्रविधिमैत्री र गुणस्तरीय बनाउने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

०७५/०२/२६

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np